# अन्नपूर्ण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोखरेवगर म्याग्दी

सम्पर्क नं ९८५७६८३८१०

Email: ito.annamun@gmail.com

Web:annapurnamunmyagdi

२०७३

गण्डकी प्रदेश, नेपाल


प.स. - ०८०/०८१

च.नं.- ६५६

**स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम तहवृद्धि गर्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशन मिति: २०८०।०९।२२**

**सूचना न: ०१/२०८०/०८१**

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को परिच्छेद ५ दफा २७ बमोजिम तह वृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा तोकिए बमोजिमको न्यूनतम सेवा अवधी पूरा भएका र तोकिए बमोजिमको पछिल्ला आर्थिक वर्षको कार्यसम्पादन मूल्याङकनमा तोकिए बमोजिमको अंक प्राप्त गरेका कर्मचारीहरुलाई सम्बन्धित सेवा, समूह वा उपसमूहभित्रको पदमा तह वृद्धि गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ। स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ दफा ३० बमोजिम योग्यता पुगेका र सोही ऐनको दफा ३९ बमोजिम नकरात्मक सूचीमा नपरेका तहवृद्धि हुनेभन्दा एक तह मुनिको सम्बन्धित सेवा, समूह र उपसमूहको पदमा यस गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गत कार्यरतका इच्छुक कर्मचारीहरुले यस कार्यालयको वेभसाइट www.annapurnamunmyagdi.gov.np मा रहेको तहवृद्धिको आवेदन फाराम डाउनलोड गरी फाराममा उल्लिखित विवरण खुलाई सम्भव भएसम्म नेपाली कागजमा प्रिन्ट गरी (दुइ प्रति) यस कार्यालयमा सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र बुझाउनुहुन सूचित गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदन उपर कारवाही नगरिने व्यहोरा समेत यस सूचना मार्फत जानकारी गराईन्छ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत